बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

**खण्ड १ बर्ष ६ अंक १९ मिति : साउन १६ गते २०७९**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको ऐन, कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

# भाग -२

# कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७९

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।४।१३ गते

नगरपालिकालाई प्राप्त हूने विशेष, सशर्त एवं समपूरक अनूदान एवम् नगरपालिकाको आन्तरिक श्रोत बाट खर्च हुनेगरि नगरपालिकाले वार्षिक रुपमा स्वीकृत गरि कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टी गरी हुन आउने कन्टेन्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयूक्त एवं मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीय भएकोले,स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बुद्धभूमि नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. उद्देश्यः**

कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन्।

(क) योजना तथा कार्यक्रमहरुको कन्टेन्जेन्सी वापतको रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्न,

(ख) कन्टिजेन्सी रकम बाट खर्च हुने रकमलाई उपयुक्त र प्रभावकारी वनाउन ,

(ग) कन्टेन्जेन्सी वापतको रकमलाई एकीकृत रुपमा लगत राखी सो को योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्न,

(घ) भैपरी आउने खर्चको व्यवस्थापन गर्ने,

(ङ) कन्टेन्जेन्सी वापतको रकमको यर्थाथपरक विवरण अभिलेखीकरण गर्ने ।

**३. कन्टेन्जेन्सी रकमको व्यवस्थाः**

बुद्धभूमि नगरपालिका भित्र कार्यान्वयन हुने प्रत्येक योजना लागि विनियोजित रकमको देहाय वमोजिम कन्टेन्जेन्सी रकम कट्टा गरिनेछ ।

(क) नगरपालिकाको बार्षिक स्वीकृत योजनाहरुको हकमा २.५प्रतिशत ।

(ख) अन्य निकायबाट प्राप्त हुने रकमबाट सञ्चालित योजनाको हकमा ३ प्रतिशत ।

(ग) शशर्त अनूदानको हकमा उक्त अनूदानको कार्यविधि वा निर्देशिकामा तोकिए वमोजिम नै कट्टी गरिनेछ ।

**४. लागत अनुमानको तयारीः**

दफा ३ को खण्ड (क) (ख) र (ग) वमोजिम कन्टेन्जेन्सी खर्च कट्टा गरी वांकी रहेको विनियोजित रकमलाई शत प्रतिशत मानी योजनाको लागत अनुमान तयार गरिनेछ

**५. कन्टेन्जेन्सी रकम खर्च गर्न सकिने क्षेत्रहरुः**

योजना तथा कार्यक्रमहरुको कन्टेन्जेन्सी कट्टा रकमलाई नगरपालिकाले देहायका शीर्षकहरुमा मितव्ययी, पारदर्शी ढंगले खर्च गर्न सक्नेछ ।

(क) योजना अनुगमन तथा सुपरीवेक्षण मुल्यांकन जांचपास तथा प्रतिवेदन सम्वन्धि खर्च एवं योजनासंग सम्वन्धित प्रशासनिक र वैठक भत्ता, अनुगमन भत्ता लगायत खाजा तथा खाना खर्च,

(ख) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्री खरिद,

(ग) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च,

(घ) तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु

(ङ) आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टर सम्वन्धि खर्च,

(च) लेखापरीक्षण सम्बन्धी खर्च,

(छ) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमूखिकरण/उपभोक्ता समिति गठन अभिमूखिकरण/ तालिम/ गोष्ठी कार्यक्रम खर्च,

(ज) योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षणका क्रममा भएको खाजा,खाना र यातायात खर्च,

(झ) स्थानीय तह वा अन्य निकायका योजना तथा कार्यक्रमका असल अभ्यासका सिकाई अनुशरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च,

(ञ) योजना संग सम्वन्धित सामाजिक परिचालन खर्च,

(ट) गुणस्तर परिक्षण तथा सोको लागि प्रयोगशाला स्थापना एवम् परिक्षणको सीप विकास गर्नलाग्ने आवश्यक खर्च,

(ठ) नगरकार्यपालिकाले निर्णय गरेका अन्य क्षेत्र,

**६. कन्टिजेन्सी रकमको खर्च प्रकृतिः**

योजना तथा कार्यक्रमको कुल कन्टेन्जेन्सी रकम मध्ये प्रशासनिक (चालु) अधिकतम ६० प्रतिशत र पुंजीगत न्युनतम ४० प्रतिशत दरले खर्च गर्न सकिनेछ ।

**७. कन्टेन्जेन्सी रकम बचत सम्वन्धी व्यवस्था** -आर्थिक वर्षको अन्तमा खर्च नभई वांकी रहेको रकम देहाय वमोजिम हूनेछः

क) नेपाल सरकार तथा प्रदेश सरकार तथा अन्य निकायहरुको शशर्त अनूदान अन्तर्गतको फ्रिज हूने भनी तोकेको सवै प्रकारका अनूदानको कन्टेन्जेन्सी रकम

आर्थिक वर्ष समाप्त हूनू भन्दा कम्तिमा ३(तिन) दिन अगावै भुक्तानी दिई आर्थिक कारोवार वन्द गर्नुपर्नेछ ।

ख) नगरपालिकाको आफ्नो योजनाको कन्टेन्जेन्सी रकम खर्च नभएमा सो रकम आर्थिक वर्षको अन्तमा उपदान कोषमा दाखिला गर्नुपर्नेछ ।

**८) कन्टिजेन्सी रकम एकीकृत तथा खर्च प्रणालीः**

नगर कार्यपालिकाको वार्षिक स्वीकृत वजेट तथा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टेन्जेन्सी वापतको रकमलाई आर्थिक वर्षको शुरुमा एकीकृत रुपमा हिसाव गरी सो को खर्च गरिने क्षेत्रहरुको अध्ययन गरी योजना तथा पुर्वाधार शाखावाट अनुसुचि १ वमोजिम कन्टेन्जेन्सी खर्चको कार्ययोजना तयार गरी प्रमुख प्रशासकीय अधिकृत बाट स्वीकृत गरि राखिनेछ । तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टेन्जेन्सी वापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयन संगै खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

**९. थपघट, हेरफेर वा संशोधनः**

कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनूसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ ।

**१०. बाधा अड्काउ फुकाउने अधिकारः**

यस कार्यविधिको कार्यान्वयनका सिलसिलामा कुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार नगरकार्यपालिकाको हुनेछ ।

११. **यसै बमोजिम भए गरेको मानिने-**

यो कार्यविधि स्वीकृत हुनु पुर्व योजना तथा कार्यक्रमहरुको कन्टेन्जेन्सी रकमबाट योजना कार्यान्वयनसंग सम्बन्धित भए गरेका क्रियाकलापहरु यसै कार्यविधि अनूरुप भए गरेको मानिनेछ ।

अनुसूची-१

**(कार्यविधिको दफा ८) संग सम्वन्धित**

| क्र.सं | योजनाको नाम/क्षेत्र | स्वीकृत रकम रु | कन्टेन्जेन्सी रकम रु | खर्च शिर्षक | अनुमानित खर्च रकम रु |
|---|---|---|---|---|---|
| | | | | | |

आज्ञाले

केशवराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत